

# लोकप्रिय खेलाडी मञ्जु

नेपाल खेलकुद पत्रकार मञ्चले आयोजना गरेको पल्सर वर्षको सर्वाधिक लोकप्रिय खेलाडी २०६५ सहित सात विधामा उत्कृष्टको घोषणा कार्यक्रम २०६६ साल भदौ २५ गते दिन काठमाण्डौं जमलस्थित राष्ट्रिय नाचघर चहलपहल र सजिसजाउ थियो । कार्यक्रम रमाइलो थियो, न्याम्पमा पनि खेलाडीहरू, नृत्यमा पनि खेलाडीहरू, अधिकाँश उपस्थिति पनि खेलसँग सम्बन्धित विशिष्ट व्यक्तित्वहरूको साथमा हास्यव्यङ्ग, गीत संगीतको मनोरञ्जन । त्यही मञ्चबाट वर्षको सर्वाधिक लोकप्रिय खेलाडी घोषित भइन राष्ट्रिय भलिवल खेलाडी पोखरेली चेली मञ्जु गुरूङ । मञ्जुले लोकप्रिय खेलाडीको मनोनयनमा परेका फुटवलका राष्ट्रिय टीमका कप्तान राकेश श्रेष्ठ र गोलकिपर विकास मल्ल, क्रिकेटका राष्ट्रिय कप्तान विनोद दास, बुद्धिचालका मास्टर मनिष हमाल, पौडीमा राष्ट्रिय खेलकुद प्रतियोगितामा बाह्र स्वर्णधारी करिश्मा कार्की र एथलेटिक्सकी प्रमिला रिजाललाई लोकप्रिय एसएमएस भोटिङमा पछाडि पारिन् । वर्षको लोकप्रिय खेलाडीका लागि कुल १ लाख ९७ हजार ९६१ मध्ये मञ्जुलाई १ लाख १२ हजार २३० एसएमएस भोटिङ भएको खेलकुद पत्रकार मञ्चले घोषणा गऱ्यो । यो भोट कुल मतको करिव ५७ प्रतिशत हुन आउँछ । मञ्जुले दोश्रो भएकी पौडीकी करिश्मालाई ६९ हजार ५५२ भोटले पछाडि पारिन ।

गत साल पोखराकै फुटबलर अनिल गुरूङलाई लोकप्रिय खेलाडी बनाउन चुकाएका पोखरेली यसवर्ष जुरूक्कै उठे, मञ्जुलाई भोटिङ गरे, भोटका लागि आर्थिक भौतिक सहयोग गरे । मञ्जुका नाममा खेल प्रतिभाको सम्मानको खातिर पोखरेली एकताबद्ध भए । अभियानमा पाँच वर्षीया बालिकादेखि नब्बे वर्षीया बजैसम्मले दुई रूपैयादेखि कोरियाबाट एकमुष्ठ एकलाख रूपैयासम्म सहयोग प्राप्त भयो मञ्जुलाई भोटका लागि । मञ्जुलाई लोकप्रिय खेलाडी बनाउन पोखरामा गठित मञ्जु सहयोग समिति सचिवालयले मञ्जुको पक्षमा एसएमएस भोट अझै कम भएको दावी गरेको छ ।

मञ्जुलाई पोखरेली लगायत स्वदेश तथा विदेशमा रहेकाहरूले साथ दिनु उनको खेल कौशलकै कारण हो । मञ्जु भलिवलका उत्कृष्ठ खेलाडी हुन् । वास्केटबल र एथलेटिक्समा पनि राम्रो दख्खल छ । कक्षा ४ मा अध्ययन गर्दा (२०५७ साल)देखि ज्ञानुवावा उच्च मावि पोखराबाट भलिवल कोर्टमा उत्रेकी मञ्जु दर्जनौं उत्कृष्ठता हासिल गरेकी छिन् । उनले बाह्रौं राष्ट्रिय महिला भलिवल प्रतियोगिता २०५९ दोश्रो, पश्चिमाञ्चलस्तरीय महिला भलिवल प्रतियोगिता २०६० प्रथम, तेश्रो विद्यालय स्तरिय राष्ट्रिय भलिवल प्रतियोगिता २०६० प्रथम, चौथो विद्यालय महिला राष्ट्रिय भलिवल प्रतियोगिता २०६१ प्रथम, ढोरपाटन कप २०६१मा प्रथम, तेह्रौं महिला राष्ट्रिय भलिवल प्रतियोगिता २०६२ मा प्रथम, तेह्रौं महिला राष्ट्रिय भलिवल प्रतियोगिता २०६२ मा सर्वोत्कृष्ट खेलाडी र बेष्ट स्पाइकर घोषित, नेपाल राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडि संघ २०६३ मा भलिवलतर्फ वर्षको उत्कृष्ट खेलाडीको सम्मान प्राप्त गरेकी छिन् ।

पल्सर वर्षको सर्वाधिक लोकप्रिय खेलाडी २०६५ घोषित भएपछि उनले आफूलाई भोट गर्ने, आर्थिक भौतिक नैतिक सहयोग गर्ने सबैलाई धन्यवाद दिदै खुशीले धरधरी आँसु झारिन् । मञ्चबाटै उनले आफ्नो यो खुशी आमाप्रति समर्पित गरेकी थिइन् । कार्यक्रममा सहभागी आमा र दाइ विक्रम गुरूङ लगायत सबै हर्षले आँसु झारेका थिए । छोरी लोकप्रिय खेलाडी घोषणा भएपछि जीवनको सबै भन्दा खुशीको क्षणको रूपमा आमा भिमशोभाको प्रतिक्रिया थियो । अझै बाबा भईदिएको भए कति खुशी हुनुहुन्थ्यो होला भन्ने भनाइ थियो आमाको । यो खुशी आमाको लागि सबैभन्दा ठूलो उपहार हो, दाइ विक्रमको भनाइ थियो ।

पल्सर वर्षको लोकप्रिय खेलाडी २०६५ बन्न सफल मञ्जु गुरूङ विस वर्षअघि कास्की जिल्लाको माछापुच्छ्रे गाविस वडा नं. १ खैरेटोलमा आमा भिमशोभा गुरूङ र बावा स्वर्गीय बोलबहादुर गुरूङको दोश्रो सन्तानको रूपमा जन्मेकी हुन् । मञ्जु स्वभावले भावुक, लजालु, इमान्दार र परिश्रमी छिन् । बाबाको माया ममता र अभिभावकत्वबाट पाँच वर्षको उमेरदेखि बञ्चित भएकी मञ्जु आमाको लाडप्यारमा हुर्केकी हुन् । उनले खेलमा राजनीतिकरण र नेपालको खेल नीतिले राम्रा खेलाडीहरू पनि पलायन भएको दुखेसो समेत गरिन् । खेल राष्ट्रको निम्ती हो भावना राख्ने मञ्जु राष्ट्रले पनि खेल र खेलाडीलाई लगानी गर्नुपर्ने बताउछिन् । ❍

● हुमबहादुर तमूबाट

हार्दिक श्रद्धाञ्जलि



जन्म

स्वर्गारोहण

मान बहादुर राई

गोरखा भूतपूर्व सैनिक संघ (गेसो) ललितपुर जिल्ला समितिका सदस्य श्री छत्र बहादुर सुनुवारका ससुरा सार्जन्ट मान बहादुर राईको स्वर्गारोहण भएकोले उहाँको आत्माको चिर शान्तीको कामना गर्दछौं ।

गोरखा भूतपूर्व सैनिक संघ (गेसो)
ललितपुर जिल्ला समिति तथा ललितपुर जिल्ला महिला समिति
विशालचोक, ललितपुर